# बृहत्तर मनकामनाविकास समिति ऐन २०७५

नगर सभाबाट पारित मिति २०७५।३।२६

प्रमाणीकरण मिति : २०७५।३।

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५। ।

**प्रस्तावना:**संसारकै सवै भन्दा होचो अरुण उपत्यका खाँदवारी नगरपालिकाको वडा नं. ९ अरुण नदीको किनारमा रहेको एक ऐतिहासिक,धार्मिक,सांस्कृतिक महत्व बोकेको धरोहरको रुपमा मनकामना मन्दीर अवस्थित छ । मनकामना धाम अरुण उपत्यकाका विभिन्न तिर्थ स्थलहरु मध्येको एक प्रमुख तीर्थ स्थल हो । मनोकांक्षा पुरा हुन्छ भन्ने धार्मिक विश्वसले दर्शन गर्नका लागि धेरै टाढा वाट भक्तजनहरु आउँदछन । यस तिर्थ स्थलले स्थानीय रुपमा प्रसिद्धि पाएको भए पनि प्रचार प्रसारको अभावमा अपेक्षाकृत रुपमा वाह्य धार्मिक पर्यटकीय भक्तजनहरु आउनसकेको अवस्था छैन भने ऐन नियमावली, सञ्चालन कार्य बिधि र गुरुयोजनाको अभावका कारण मनकामना धाम ओझेलमा परेको हुनाले उक्त मनकामना क्षेत्रलाई एकिकृत विकास गरी धार्मिक केन्द्र, पुरातात्वीक,धार्मिक अध्ययन, प्रवचन जस्ता कार्य गर्ने तथा धार्मिक पर्यटन क्षेत्रको विकास गर्न वान्छनीय भएकोले

नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२, खाँदवारी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम खाँदवारी नगर सभाले यो **"मनकामना बृहत्तर विकास समिति ऐन२०७५"** स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"बृहत्तरमनकामनाविकास समितिऐन २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा खाँदवारी नगरपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ लाई सझनु पर्छ ।

(ख) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित **बृहत्तरमनकामनाविकास** समिति सम्झनुपर्छ ।

(ग) **"मनकामना क्षेत्र"** भन्नाले संखुवासभा जिल्ला खाँदवारी नगरपालिका वडा नं.९ स्थित मनकामना मन्दिर र मनकामना सन्यास आश्रमको नाममा रहेको जग्गाहरु तथा मनकामना संग सम्वन्धित चर्चिएका जग्गाहरु तथा अन्य आसपासमा रहेको सार्वजनिक जग्गाहरु सम्झनु पर्छ ।

(घ) **"नगर पालिका"** भन्नाले खाँदवारी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"नगर प्रमुख"** भन्नाले खाँदवारी नगरपालिकाका प्रमुखलाई जनाउँदछ ।

(च) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(छ) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(ज) **"कार्यकारी निर्देशक"** भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस अन्तर्गत बनेको ऐनमातोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **बृहत्तरमनकामना विकास समितिको गठन** : (१) मनकामना क्षेत्रको सामाजिक, पुरातात्विक धार्मिक,आर्थिक र साँस्कृतिक पक्षको संरक्षण, सम्बर्द्धन गर्न **बृहत्तर**मनकामनाविकास समिति नामकोएउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नगरपालिकाका प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाका उप-प्रमुख -सदस्य

(ग) नगर कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक -सदस्य

(घ) सामाजिक, धार्मिक, आर्थिक, पुरातात्विक र बौद्धिक क्षेत्रमा विशिष्ट योगदान दिदै आएका र सो क्षेत्रको विकासमा चासो राख्ने व्यक्तिहरू मध्येबाट कम्तिमा एक महिला सहित अध्यक्षलेमनोनीत गरेका ५ जना - सदस्य

(ङ) खाँदवारी नगरपालिका वडा न..९ का वडा अध्यक्षर एक महिलासहित २ जना - सदस्य

(च) समितिले मनोनित गरेको पर्यटन सम्वन्धी विज्ञ१ -सदस्य

(छ) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य-सचिव

स्पष्टिकरण: मनकामना मन्दिर परिसर क्षेत्र भित्र कार्य गर्ने संघ संस्थाका अध्यक्षहरु समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

(३) मनोनितसदस्यहरूको पदावधि ३ वर्षको हुनेछ र निजहरू पुनःमनोनीत हुन सक्नेछन् ।

(४) समितिले आवश्यकता अनुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरूलाईसमितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१)समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) **बृहत्तर**मनकामना विकास सम्बन्धी गुरु योजना बनाई कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ख) **बृहत्तर**मनकामना विकास सम्बन्धी योजना र कार्यक्रमको कार्यान्वयनका लागिसमितिले स्वदेशी वा विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वाव्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) मनकामना क्षेत्रसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित साँस्कृतिक, धार्मिक,ऐतिहासिक, सामाजिक तथा पुरातात्विक महत्वका वस्तु र स्थानहरूको संरक्षण,सम्बर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) मनकामना क्षेत्रसंग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामाग्रीको संकलन र संरक्षण गर्ने, गराउने ।

(ङ) मनकामना क्षेत्रभित्रका प्राकृतिक सम्पदा, वातावरण तथा पशुपंक्षीको रेखदेख तथा संरक्षण गर्ने, गराउने ।

(च) मनकामना क्षेत्रको महत्व र यसको विकासका निमित्त सभा, सम्मेलन, गोष्ठी,प्रदर्शनी आदिको आयोजना गरी श्रव्यदृष्यहरुको निर्माण गरी विभिन्न विद्युतिय,संचारको माध्यमहरु(रेडियो, एफ. एम., टेलिभिजन, वोव साइट, फेसवुक, पत्र पत्रिका, ब्रोसर, आदी) वाट यसको प्रचार प्रसार गर्ने, गराउने ।

(छ) मनकामना क्षेत्रको विकास र उन्नतिका निमित्त सरकारी तथा गैरसरकारी संस्थाहरूबीच आवश्यक समन्वय गराउन प्रयत्नरत रहने ।

(ज) मनकामना क्षेत्रभित्र पर्ने देवालयको उचितसंरक्षण, सम्बर्द्धन तथा विकास गर्ने ।

(झ) मनकामना क्षेत्रमा रहेका शिक्षालय (गुरुकुल) स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, कुलेसो,बाटोघाटो, पानी, बिजुली, टेलिफोन, सार्वजनिक शौचालय, धर्मशाला, धार्मिकसाधनास्थल, मठ, मन्दिर वातावरणीय सुधार आदि कुराहरूलाई व्यवस्थित गर्ने ।

(ञ) मनकामना क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्वलाई आघात पुऱ्याउने खालकागतिविधिहरूको सन्चालनमा नियन्त्रण र निषेध गर्ने ।

(ट) मनकामना क्षेत्रमा दाह संस्कार (घाट) को उचित व्यवस्थापन गर्ने ।

(ठ) मनकामना क्षेत्र भित्र पर्ने अरुण नदीको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(ड) मनकामना क्षेत्र भित्र पार्क, उद्यान, बृद्धाश्रमहरुको निर्माण तथा व्यवस्थापन गर्ने

(ढ) मनकामना क्षेत्रमा परम्परागत धार्मिक तथा सांस्कृतिक महत्व झल्कने खालका मेला महोत्सवहरुको आयोजना गर्ने गराउँने ।

(ण) धार्मिक पहिचान सम्वन्धी लेखन, गायन तथा सांगेतिक विधामा योगदान पुऱ्याउने श्रष्ठाहरुको सम्मानमा सम्झनयोग्य कार्य गर्ने ।

(त) मनकामना धाम भित्र रहेका चल अचल सम्पत्तिहरुको संरक्षण गर्ने ।

(त) समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने,गराउने ।

५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक वर्षको कम्तीमा ६ पटकबस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा एक हप्ता अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थितनगरपालिकाका उप-प्रमुख समितिका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षतागर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिमहुनेछ ।

६. **कार्यकारी निर्देशक:** (१) समितिको कार्यकारी निर्देशककोरुपमा नगर प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(२)उपदफा (१)कार्यकारी निर्देशककोरुपमा नियुक्त हुने सदस्य सचिव कम्तिमा स्नातक तह उतिर्ण भई धार्मिक, सामाजिक, पर्यटन, पुरातात्विक तथा योजना निर्माण सम्वन्धी कार्य अनुभव भएको हुनु पर्ने छ ।

(३) कार्यकारी निर्देशकको पदावधि ५ वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रमुखले आवश्यकदेखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

७. **समितिका कर्मचारी** : (१) समितिले आवश्यकता अनुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका सम्पत्तिरहनेछन् :-

(क) नेपाल सरकार (संघ/प्रदेश) बाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले सहायता स्वरूप प्रदान गरेकोभौतिक, जिन्सी तथा रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) नगरपालिकाले उपलब्ध गराएको भौतिक,जिन्सी, रकम ।

(ङ) मनकामना देवीको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम, भौतिक जिन्सि, मध्येसमितिले तोकेको रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोष रहने रकम क वर्गको कुनै बैंकमा खाता खोली जम्मा गर्नु

पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाटव्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा समितिले तोकेको सदस्यको सयुक्तदस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण नगरपालिकाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) खाँदवारी नगरपालिकाले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरुनगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **सल्लाहकार तथा उप-समिति गठन गर्न सक्ने** : (१) समितिले आवश्यक सल्लाहकार समिति गर्न सक्ने छ रआफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकता अनुसारविषयगत उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य रअधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : अध्यक्षले आवश्यकता अनुसार समितिको कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकार (संघ/प्रदेश) संग सम्पर्क राख्दासंस्कृति पर्यटन मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको कार्यालय वडा नं. ९ को मनकामनापरिसरमा रहनेछ । शाखा कार्यालय आवश्यकता अनुसार राखिने छ ।

१५. **सर्वाधिकार रहने:** यस ऐन अन्तरगत गठन भएको समितिलाई मनकामना क्षेत्र भित्र सर्म्पुण कार्य गर्ने सवाधिकार रहने छ ।यस समितिको स्वीकृति विना कुनै कार्य गर्न पाईने छैन ।

१६. **नियम बनाउने अधिकार** : समितिले उद्देश्य पूर्तिको लागि आवश्यक अन्य नियमहरू बनाउन सक्नेछ र नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरूलागु हुनेछ ।